# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः९ संख्याः ५ प्रमाणिकरण मितिः २०८३/०१/०३


भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८३

**प्रस्तावनाः** जीतपुरसिमरा उपमहानगरपालिकामा लघु उद्यमको विकास र प्रवर्द्धको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने उदेश्यले स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन तथा सिपको उच्चतम परिचालन गरि उद्यमशीलता विकास मार्फत आन्तरिक रोजगारी सिर्जना, वस्तु तथा सेवा मागको आन्तरिक आपूर्ति अग्र-पृष्ठ मूल्य शृंखला स्थापना, आयात व्यवस्थापन र निर्यात प्रवर्द्मा योगदान पुर्याउन, कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ को उपदफा (१) र (३), जीतपुरसिमरा उपमहानगरपलिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७८ को दफा ४ र केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिकाद्वारा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८३ जारी गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (अंग्रेजीमा Micro Enterprise Development For Poverty Alleviation) र छोटकरीमा(MEDPA) संचालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिः-

(क) "कार्यक्रम" भन्नाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (अंग्रेजीमा —Micro Enterprise Development For Poverty Alleviation) छोटकरीमा(MEDPA) र स्थानीय तहमा संचालित लघु उद्यम विकास कार्यक्रम लाई सम्झनु पर्छ ।

(ख) "उद्यमशिलता विकास तालिम" भन्नाले व्यवसाय स्थापना तथा संचालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान प्रदान गर्ने उदेश्यले प्रदान गरिने व्यवसायिक तालिम सम्झनुपर्छ ।

(ग) "उधमी" भन्नाले नाफा कमाउने उदेश्यले प्रचलित कानून बमोजिम दर्ता गरी उधोग व्यवसाय संचालन गर्ने व्यक्ति वा समूह सम्झनुपर्छ ।

(घ) "अति गरिब" भन्नाले गरिबीको रेखाभित्र पर्ने जनसंख्या मध्ये नेपाल सरकारले अति गरिब भनि तोकेको व्यक्ति तथा परिवारको सदस्य सम्झनुपर्छ ।

(ङ) "नगर प्रमुख" भन्नाले जितपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख लाई सम्झनुपर्छ ।

(च) "नगर उप प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर उप-प्रमुख लाई सम्झनुपर्छ।

(छ) "उद्यम विकास समिति" भन्नाले दफा २९ बमोजिम गठित उद्यम विकास समिति सम्झनु पर्छ ।

(ज) "अनुगमन उप-समिति" भन्नाले दफा ३१ बमोजिम गठित अनुगमन उपसमिति सम्झनु पर्छ ।

(झ) "एडभान्स तालिम" भन्नाले एक पटक सीप विकास तालिम लिई व्यवसाय संचालन गरिरहेका सोही विषयमा दिइने पुनर्ताजगी तथा उच्च स्तरको तालिम सम्झनु पर्छर सो शब्दले आधारभुत सीप प्राप्त उधमीहरुलाई थप तालिमलाई समेतजनाउँछ ।

(ञ) "कार्यालय" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

(ठ) "कोसेली घर" वा "सौगात गृह" भन्नाले लघु उधमी बाट उत्पादित वस्तुहरु संकलन गरी बिक्री गर्नको लागि स्थापित कक्ष सम्झनु पर्छ ।

(ड) "लघु उद्यम विकास (मेड) मोडेल" भन्नाले मागमा आधारित उद्यम विकासको लागि सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, लघुवित्तमा पहुँच, उपयुक्त प्रविधिमा पहुँच, बस्तु र सेवा बजारीकरण तथा व्यवसायिक परामर्श सेवा समेतको एकीकृत सेवा प्रदान गरी लघु उधमीको सिर्जना र स्तरोन्नति गर्ने पद्दति सम्झनु पर्छ ।

(ढ) "लघु उद्यम" भन्नाले औधोगिक व्यवसाय ऐन,२०७६ को दफा १७ को उपदफा (१)को खण्ड (क) बमोजिमको लघु उद्यम सम्झनु पर्छ ।

(ण) "सीप विकास तालिम" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्रका लागि आवश्यक पर्ने प्राविधिक सीपमूलक तालिम सम्झनु पर्छ ।

(त) "प्रविधि हस्तान्तरण" भन्नाले व्यवसाय संचालन, विस्तार तथा स्तरोन्नति गर्नको लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य सम्झनु पर्छ ।

(थ) "बजारीकरण" भन्नाले लघु उद्यमको संचालनबाट हुने बस्तुको उत्पादन, त्यस्तो बस्तुको मूल्य निर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलाप सम्झनु पर्छ ।

(द) "शाखा प्रमुख" भन्नाले उधोग, पर्यटन श्रम तथा सहकारी शाखाको प्रमुख सम्झनु पर्छ ।

(ध) "शाखा" भन्नाले यस जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतको उधोग/ उद्यम विकास शाखा हेर्ने गरी तोकिएको शाखा वा उपशाखा सम्झनु पर्छ ।

(न) "उद्यम विकास सहजकर्ता" भन्नाले लघु उद्यमको स्थापना, विकास तथा प्रवर्द्रन गर्नका लागि (मेड्पा) कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५ बमोजिम छनौट भएका उद्यम विकास सहजकर्ता (इन्टरप्राइज डेभलपमेण्ट फेसिलिटेटर- EDF) सम्झनु काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गरी छनौट गरिएको व्यक्तिलाई जनाउँदछ ।

(प) "स्तरोन्नति" भन्नाले उत्पादन, गुणस्तर, प्याकेजिंग, पूँजी, मुनाफा, रोजगार जस्ता पक्षमा उद्यममा देखिने सकारात्मक परिवर्तन सम्झनु पर्छ ।

(फ) "साझा सुविधा केन्द्र (उद्यम घर)" भन्नाले दफा १५ बमोजिम स्थापना भएको साझा सुविधा केन्द्र(उद्यम घर) सम्झनु पर्छ ।

(ब) "जे सी एम आई एस" भन्नाले कार्यक्रमको लागि प्रयोग गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशी व्यवस्थापन सूचना प्रणाली (जेण्डर इक्वालिटी एण्ड सोसियल इन्क्लुजन मेनेजमेन्ट इन्फरमेशन सिस्टम- जेसीएमआईएस) सम्झनु पर्छ र सो शब्दले सम्बन्धित तहले तोकेको तथ्यांक व्यवस्थापन प्रणालीलाई जनाउँछ ।

## परिच्छेद- २
## कार्यक्रम संचालन तथा लक्षित समूह/वर्गः

**३.कार्यक्रमः**-(१) यस कार्यविधि बमोजिम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)ले देहाय बमोजिमका कार्यक्रम संचालन गर्नेछ ।

(क) उद्यमशीलता विकास तालिम, व्यवसायिक योजना निर्माण र व्यवसायिक परामर्श,

(ख) प्राविधिक सीप विकास तालिम र एड्भान्स सीप विकास तालिम,

(ग) उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण,

(घ) बस्तु र सेवा बजारीकरण/ अध्ययन अवलोकन भ्रमण,

(ङ) लघु वित्तमा पहुँच तथा अन्तरक्रिया कार्यक्रम,

(च) अन्य निकाय संघ/ सँस्थाबाट आउने उधामशीलता तालिम र सीप विकास तालिम समन्वय,

(छ) निर्यात प्रवर्द्धन,

(ज) बौद्धिक सम्पतिको संरक्षण ।

**४. कार्यक्रमको लक्षित समुह/ वर्गः**-(१) दफा ३ बमोजिम कार्यक्रम संचालनको लागि लाक्षित समूह/ वर्ग देहाय बमोजिमका उधमिहरु, समूह, सहकारी, फर्म तथा कम्पनी हुने छन्ः-

(क) परम्परागत ज्ञान, सीप र क्षमताको प्रयोग गरी संचालन भएका उद्यम/ व्यसाय,

(ख) गरिबीको रेखामुनि रहेका नेपाली नागरिक,

(ग) वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति,

(घ) विगतमा लघु उद्यम स्थापनाका लागि गरिएको सहयोग मध्ये यस अघि आंशिक सहयोग मात्र प्राप्त गरी संचालनमा नआएका तर थप सहयोग प्राप्त भएमा संचालन हुन् सक्ने सम्भावित लघु उधमी,

(ङ) हाल संचालनमा नआएको भए तापनि भविष्यमा संचालन गर्न सम्भावना भएको लघु उद्यमसँग सम्बन्धित सेवा लिन इच्छुक खण्ड (ख) र (ग) बमोजिमका समूह ।

(२) उपदफा(१) बमोजिम लक्षित समूहबाट उधमी छनौट गर्दा कम्तीमा सत्तरी प्रतिशत महिला र कम्तीमा साठी प्रतिशत(१६-४० वर्ष सम्मका) युवा समावेश हुने गरी र जनजाती चालिस प्रतिशत, दलित तीस प्रतिशत, अन्य तीस प्रतिशत समावेश हुने गरी छनौट गर्नु पर्नेछ ।

**५. <u>सम्पर्क व्यक्ति तोक्नु पर्ने</u>:-**प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख वा सो शाखाको अन्य कर्मचारीलाई कार्यक्रम संचालन गर्नको लागि निजले पूरा गर्नु पर्ने जिम्मेवारी सहित सम्पर्क व्यक्ति (फोकल पर्सन) को रुपमा कामकाज गर्न तोक्नु पर्नेछ ।

**६. <u>कार्ययोजना तयार गर्नु पर्ने</u>:-** (१)यस कार्यविधि बमोजिम कार्यक्रम संचालनको लागि शाखाले अनुसूची-३ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना तयार गर्दा शाखाले सम्बन्धित कार्यालयको योजना र आर्थिक प्रशासन शाखासँग समेत समन्वय गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश हुन आएको कार्ययोजना मनसिब देखिएमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृतको लागि उद्यम विकास समितिमा पेश गर्न शाखालाई निर्देशन दिनुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको कार्ययोजना मितव्ययी, प्रभावकारी, पारदर्शी र नतिजामुखी हुने गरी उद्यम विकास समितिले त्यस्तो कार्ययोजना स्वीकृत गरी कार्यन्वयनको लागि सम्बन्धित शाखामा पठाउनु पर्नेछ ।

(५) यस जीतपुरसिमरा उपमहानगरपालिकाले लघु उद्यम, आय आर्जन, रोजगारी सिर्जना, वर्ग समुदाय लाक्षित कार्यक्रम, उद्यमशीलता विकास तथा सीप विकास तालिम शीर्षकमा छुट्याइएको रकमबाट लघु उद्यम विकास (मेड) मोडेल अनुरुप उधमी सिर्जना र स्तरोन्नति गर्नको लागि कार्यक्रम तथा कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्न सकिनेछ ।

## परिच्छेद- ३

## <u>नयाँ लघु उधमी सिर्जना</u>

**७. <u>वडाको छनौट गर्नुपर्ने</u>:-** (१) यस जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको गठित उद्यम विकास समितिले लक्ष्य, बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सहभागितामूलक स्थानीय योजना तर्जुमाको सिद्धान्तको आधारमा कार्यक्रम संचालन हुने वडाको छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडाको छनौट गर्दा देहायका प्राथमिकताको आधारमा गर्नु पर्नेछः-

(क) लक्षित समूहको उपस्थिति, रोजगारीको स्थिति र गरिबीको स्थिति,

(ख) लघु उद्यमको लागि उपलब्ध हुने स्रोत, कच्चा पदार्थको अवस्था तथा बजारको सम्भाव्यता,

(ग) लघु उधमीको लागि उपलब्ध हुने सम्भाव्य अवसरहरु,

(घ) उद्यम विकास रणनीतिक योजनाको प्राथमिक क्षेत्र,

(ङ) उद्यम विकास समितिले आवश्यक ठानेका अन्य विषय ।

**८. <u>नयाँ लघु उधमी सिर्जना कार्यक्रम संचालन गर्ने</u>:-** (१) यस जीतपुरसिमरा उपमहानगरपालिकाले नयाँ लघु उधमीको सिर्जना सम्बन्धि कार्यक्रम संचालन गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिम लघु उद्यम विकास (मेड) मोडेल अनुरुप गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नयाँ लघु उधमीको सिर्जना सम्बन्धी कार्यक्रम संचालन गर्दा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्नेछः-

(क) बजार, श्रोत तथा सम्भाव्यता अध्ययन,

(ख) घरधुरी सर्वेक्षण,

(ग) समूह निर्माण र क्षमता बृदि,

(घ) उद्यमशीलता विकास तालिम,

(ङ) सिप विकास तालिम,

(च) कर्जा प्रवाह गर्न सहयोग र सहजीकरण,

(छ) उपयुक्त प्रविधिमा पहुँचला लागि सहयोग र सहजीकरण,

(ज) उद्यम स्थापना र संचालन

(झ) व्यसायिक परामर्श तथा बजार विस्तार,

(ञ) साझा सुविधा केन्द्र स्थापना तथा संचालन सहजीकरण ।

**९. प्रारम्भिक सर्वेक्षण गर्नेः-** (१) उद्यम विकास सहजकर्ताले शाखा प्रमुखसँग परामर्श गरी उद्यम विकास समितिको निर्णय बमोजिम कार्यक्रम संचालनको लागि दफा ७ बमोजिमका वडाहरुमा लघु उधमी सिर्जनाका आधारहरु बारे प्रारम्भिक सर्वेक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सर्वेक्षण गर्दा देहायका विधिहरु अपनाउनु पर्नेछः-

(क) सहभागितामूलक ग्रामीण लेखाजोखा,

(ख) खण्ड (क) को आधारमा गरिएको गरिबीको स्तर नक्सांकन,

(ग) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को अनुसूची- १० को फाराम ए, बी, र सी बमोजिमको घरधुरी सर्वेक्षण, सहभागी छनौट र मौजुदा उधमी सर्वेक्षण फाराम,

(घ) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को अनुसूची- ११ को फाराम डी बमोजिमको बजार सम्भाव्यता विश्लेषण ।

(३) उपदफा (२) बमोजिम गरिएको सर्वेक्षणको आधारमा सहजकर्ताले वडाको सामाजिक तथा आर्थिक स्थितिको लेखाजोखा सहितको प्रारम्भिक सर्वेक्षण तयार गारी छलफल तथा परामर्शको लागि शाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ,

(४) उपदफा (३) बमोजिम छलफल तथा परामर्शका लागि पेश भएको प्रतिवेदन उपर शाखाले बढीमा तीन दिनभित्र छलफल गरी आवश्यक परामर्श दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम शाखाले उपलब्ध गराएको परामर्श सहित तयार भएको अन्तिम प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतबाट अनुमोदन भएपछि प्रारम्भिक सर्वेक्षण कार्य पूरा भएको मानिनेछ ।

**१०. सम्भाव्य लघु उधमीको पहिचान र छनौटः-**(१) दफा ९ बमोजिम गरिएको सम्भाव्य लघु उधमीको प्रारम्भिक सर्वेक्षण प्रतिवेदनबाट गरिबीको रेखामुनिको परिवार भनी ठहरिएका परिवारलाई लक्षित समूह मानी सोही समूहका सदस्यलाई सम्भाव्य लघु उधमीको रुपमा पहिचान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्भाव्य लघु उधमी पहिचान गर्दा कार्यक्रमको उदेश्य बमोजिम लक्षित समूह (गारिबीको रेखामुनी रहेका, महिला, दलित, जनजाति, बेरोजगार यूवा, मुस्लिम, थारु, सीमान्तकृत र अति गरिब) को अनुपातको आधारमा गर्नु पर्नेछ ।

(३) सम्भाव्य लघु उधमी पहिचान गर्दा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको हकमा निजले निजले वैदेशिक रोजगारीको क्रममा सकेको सीप, उद्यम प्रतिको प्रतिबद्ता, उपयुक्त उमेर समूह, जोखिम वहन गर्न सक्ने क्षमता, चाहना, तत्परता, उद्यमको लागि दिने समय, गतिशीलता जस्ता आधारमा पहिचान गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सम्भाव्य लघु उधमीको पहिचान गरेपछि सोको विवरण तयार गरी जेसीएमआईएस सफ्टवेयरको सहयोगबाट सम्भाव्य उधमीको अन्तिम छनौट गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्भाव्य लघु उधमिको अन्तिम छनौट भएको मितिले सात दिन भित्र सहजकर्ताले सोको प्रतिवेदन तयार गरी साखा, वडा कार्यालय र उद्यम विकास समितिमा पठाउनु पर्नेछ।

**११. समूह निर्माण गर्नेः-** (१) दफा १० बमोजिम सम्भाव्य उधमी पहिचान तथा छनौट भइसकेपछि कार्यक्रमको उदेश्य, सहभागीहरुको रुची, क्षमता, आवश्यता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता समेतका आधारमा समूहमा आबद्द हुन सहभागीलाई अभिमुखिकरण गर्नु पर्नेछ ।

(२) समूह निर्माण गर्दा समूह परिचालन, समूह सदस्य संख्या, समूहका सदस्यहरु आवद्द रहेको समुदाय, भौगोलिक अवस्थिति जस्ता पक्षलाई ध्यान दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समूह निर्माण गर्दा सामान्यतया एक समूहमा कम्तिमा पाँच जना सम्भाव्य लघु उधमी रहने गरी समूह निर्माण गर्नु पर्नेछ ।

**१२. उद्यमशीलता विकास तालिम संचालन गर्नेः-** (१) कार्यालयले दफा १० बमोजिम छनौट भएका सम्भाव्य लघु उधमीको समूहलाई सहजकर्तामार्फत सात दिनको उद्यमशीलता विकास र एक दिनको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने तालिममा उद्यमशीलता विकास तालिमको पाठयक्रममा मूलतः लघु उद्यम सिर्जना तथा व्यवसाय सचेतना तालिम, आफ्नो व्यवसाय सुरु तथा सुधार गरौ, सम्भाव्य लघु उधमीहरुको लागि तालिम तथा उद्यम शुरुवात तालिम जस्ता विषय हरु समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको तालिम संचालनको क्रममा सहजकर्ताले शाखाका कर्मचारी, उद्यम विकास समितिका कम्तीमा एक जना पदाधिकारी तथा सम्बन्धित वडाका प्रतिनिधिसँग समन्वय गरी सम्भाव्य लघु उधमीले छनौट गर्न चाहेको उद्यमको छनौट गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्भाव्य लघु उधमीले छनौट गर्न चाहेको उद्यमको व्यावसायिक योजना बनाउन सहजकर्ताले सहजीकरण गर्नु पर्नेछ । व्यावसायिक योजनाबाट लाभदायक उद्यम देखिएमा त्यस्तो उद्यम संचालन गर्न चाहने उधमीलाई सो सँग सम्बन्धित विषयमा दफा १३ बमोजिम सीप विकास तालिम दिनु पर्नेछ ।

**१३.प्राविधिक सीप विकास तालिम संचालन गर्नेः-**(१) यस जीतपुरसिमरा उपमहानगरपालिकाले दफा १२ बमोजिम उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, छनौट भएको उद्यमको प्रकृति र आवश्यकताको आधारमा विभिन्न समूहमा आबद्द गरी आवश्यकता अनुसारको छोटो, मध्यम वा लामो अवधिको सीप विकास तालिम संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् वा अन्य सरकारी तालिम प्रदायक संस्थाले तर्जुमागारी स्वीकृत गरेको पाठयक्रमका आधारमा स्थानीय तह आफैंले उद्यम विकास सहजकर्ता मार्फत संचालन गर्नु पर्नेछ । तालिम संचालन गर्दा सम्बन्धित वडाका प्रतिनिधि, शाखाका कर्मचारी तथा सहभागी बिच तालिमको गुणस्तर र सहभागीको सिकाईको बारेमा तालिम अवधिभर कम्तीमा एक पटक अन्तरक्रिया गर्नुपर्नेछ ।

(३) विषय विज्ञ र सक्षम प्रशिक्षकहरु परिचालन गरी तालिम संचालन गर्नु यस जीतपुरसिमरा उपमहानगरपालिका वा उद्यम विकास सहजकर्ताको दायित्व हुनेछ । त्यसरी तालिम संचालन गर्दा उपलब्ध भएसम्म सम्बन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सीप परीक्षण उतिर्ण गरेका लघु उधमी प्रशिक्षकलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) सीप विकास तालिमका प्रशिक्षार्थीहरुलाई सम्बन्धित कार्यालय वा सहजकर्ताले शैक्षिक सामग्री, तालिम सामग्री, खाजा खर्च जस्ता सुविधा समयमै उपलब्ध गराई सोको विवरण शाखा र सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) तालिममा प्रयोग भएका मेसिन,औजार तथा प्रविधि तालिम पश्चात सम्बन्धित उधमीलाई निम्न प्राथमिकताको आधारमा निशुल्क हस्तान्तरण गर्नु पर्नेछ ।

(क) समूहमा उद्यम गर्न चाहने व्यक्ति,

(ख) घर धुरी सर्वेक्षण मा भएको गरिबीको आधारमा,

(ग) तालिम अवधिमा भएको प्रशिक्षर्थी मुल्यांकनको उत्कृष्टताको आधारमा।

(६) उपदफा (५) को अतिरिक्त सीप विकास तालिम प्राप्त गरेका सम्भावित लघु उधमीहरुलाई बार्षिक कार्यक्रममा तोकिए बमोजिम समूहमा प्रविधि हस्तान्तरण गर्नु पर्नेछ । यसरी प्रविधि हस्तान्तरण गर्ने सम्बन्धि प्रक्रिया दफा २३ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१४. <u>सम्भावित लघु उधमीका लागि सहयोग गर्नु पर्ने</u>ः-**कुनै कारणले लघु उद्यम विकास मोडेलको आंशिक चरण मात्र पूरा भई उद्यम स्थापना गर्न नसकेका सम्भावित उधमीलाई उद्यम संचालनको लागि सहयोग गर्नु परेमा यस परिच्छेद बमोजिमका क्रियाकलापहरु मध्ये निजलाई प्रदान गर्न बाँकी रहेको क्रियाकलापको लागि मात्र सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद-४

## साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना तथा संचालन

**१५. साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाः-** यस जीतपुरसिमरा उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रका लघु उधमीले अति गरिबीको कारण लघु उद्यम/ व्यवसाय स्थापना गर्न आफ्नो निवास स्थानमा पर्याप्त स्थान उपलब्ध नभएका र वित्तीय सेवामा पहुँच नभएका तर उद्यम व्यवसाय गर्न इच्छुक लघु उधमीहरुको संख्या दश भन्दा बढि रहेको भौगोलिक क्षेत्र वा समुदायमा त्यस्ता लघु उधमी बाट कुनै वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण र सोसँग सम्बन्धित कुनै सेवा प्रदान गर्न कम्तीमा एउटा साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्न सक्नेछ ।

**१६. सम्भाव्यता अध्ययन गर्नु पर्नेः-** (१) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्नु अघि शाखाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को अनुसूची- १२ बमोजिम सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्भाव्यता अध्ययन गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

(क) साझा सुविधा केन्द्र (उद्यम घर) स्थापनाको लागि आवश्यक पर्ने जग्गा उपलब्धताको अवस्था,

(ख) साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण पछी उधमीको उत्पादन, कच्चा पदार्थको उपयोग, रोजगारी र आम्दानीमा हुन सक्ने बृदी,

(ग) साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनाले जातीय तथा सामाजिक सद्भावमा पार्ने सकारात्मक प्रभाव,

(घ) साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनामा लाग्ने कूल लागत तथा सो लागतमा साझेदारी गर्न सक्ने निकाय र उधमीको प्रतिबद्दता,

(ङ) साझा सुविधा केन्द्र (उद्यम घर) को व्यवस्थापन र उपयोग प्रक्रिया,

(च) प्राप्त स्रोतको उपलब्धताको आधारमा साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्दा औधोगिक ग्रामलाई प्राथमिकतामा राखी सम्भव भएसम्म शिशु स्याहार कक्ष, खानेपानी,लैङ्गिक र अपाङ्गमैत्री शौचालय समेतको व्यवस्था,

(छ) औधोगिक ग्राम पायक नभएको अवस्थामा साझा सुविधा केन्द्र (उद्यम घर) को लागि उधमीलाई निशुल्क रुपमा जग्गगा तथा भवन उपलव्धताको अवस्था भएमा वा निःशुल्क जग्गा तथा भवन उपलब्ध नभएमा कम्तीमा दश वर्षका लागि साझा सुविधा केन्द्र (उद्यम घर) को लागि भाडामा भएको सम्झौता,

(ज) कुनै सङ्घ संस्था वा व्यक्तिले साझा सुविधा केन्द्र (उद्यम घर) को लागि कम्तीमा दश वर्षका लागि अनुदान वा भाडामा उपलब्ध गराएको जग्गा तथा भवन ।

(३) साझा सुविधा केन्द्र (उद्यम घर)को स्थापना र संचालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) लक्षित समुहले साझा सुविधा केन्द्र माग गरेको निर्णय,

(ख) सम्भाव्य अध्ययन प्रतिवेदन,

(ग) समूहको बैंक खाता वा साझेदारी फर्म दर्ताको प्रमाण पत्र,

(घ) लागत अनुमान सहितको संक्षिप्त प्रस्ताव ।

(४) उपदफा (१) र (२) बमोजिम साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनाको सम्भावना देखिएमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गराई सम्बन्धित वडा कार्यालय मार्फत साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन समितिको गठन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम गठन भएको व्यवस्थापन समितिले जग्गाको व्यव्स्था गरी लागत साझेदारीमा साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापनाको लागि वडा कार्यालयको सिफारिस सहित कार्यक्रम प्रस्ताव पेश गर्नु पर्नेछ । त्यसरी प्राप्त हुन् आएको प्रस्ताव मनसिब देखिएमा कार्यालयले सम्झौता गरी तोकिएको रकम साझा सुविधा केन्द्रको खातामा जम्मा गरिदिनेछ ।

(६) उपदफा (४) बमोजिम व्यवस्थापन समितिले साझा सुविधा केन्द्र स्थापना भए पश्चात् सार्वजनिक परीक्षणको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) दफा (५) बमोजिम कार्यालयले उपलब्ध गराएको रकम र अन्य श्रोतबाट प्राप्त गरेको रकमको आम्दानी खर्चको हिसाब दुरुस्त राखी कार्यालय र वडा कार्यालयलाई जानकारी गराउने दायित्व सम्बन्धित साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन समितिको हुनेछ ।

(८) उपदफा (५) बमोजिम प्राप्त हुन आएको रकमबाट निर्माण गरेको साझा सुविधा केन्द्र (उद्यम घर) निर्धारित अवधिभित्र संचालन गर्न नसकेमा वा सदुपयोग भएको नपाइएमा उद्यम विकास समितिले त्यस्तो साझा सुविधा केन्द्र (उद्यम घर) अन्य उधमी समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(९) साझा सुविधा केन्द्र (उद्यम घर) लाई प्रचलित कानून बमोजिम दर्ता गराउने कार्यमा शाखाले आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

## परिच्छेद- ५

## लघु उद्यमको स्तरोन्नति

**१७. <u>लघु उद्यमको स्तरोन्नति कार्यक्रम संचालन गर्नु पर्नेः</u>-** (१) यस जीतपुरसिमरा उपमहानगरपालिकाले लघु उद्यमको स्तरोन्नतिको लागि आवश्यकता अनुसार उद्यम व्यवसाय सुधार तथा विस्तार सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लघु उद्यमको स्तरोन्नति सम्बन्धी कार्यक्रम संचालन गर्दा अनुसूची-२ मा उल्लेख भए बमोजिम लघु उद्यम विकास (मेड) मोडेल अनुरुप गर्नु पर्नेछ ।

१८. **स्तरोन्नतिका लागि आवश्यकता पहिचान गर्नु पर्नेः-** (१) सहजकर्ताले हाल संचालनमा नरहेको उद्यम तर पुनस्थापना गर्न चाहने तथा संचालनमा रहेको उद्यमको स्तरोन्नतिको लागि आवश्यक पर्न सक्ने सहयोगका क्षेत्र विशेष गरी उद्यम व्यवसाय सुधार तालिम, उद्यम व्यवसाय विस्तार गर्न चाहनेका लागि तालिम, व्यावसायिक परामर्श, पुनर्ताजगी, सीप विकास तथा स्तरोन्नति तालिम, वित्तिय सेवामा पहुँच, प्रविधि तथा बजारमा पहुँच तालिम, एडभान्स सीप विकास तालिम, बजारीकरण तथा व्यवसायिक परामर्श जस्ता क्षेत्रमा स्थलगत रुपमा अधययन गरी आवश्यकता पहिचान तथा विश्लेषण गरी स्तरोन्नतिको लागि प्राथमिकिकरण सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा उधमीको उत्पादन तथा उत्पादकत्व बृद्दी, रोजगारीमा बृद्दी, गुणस्तर नियन्त्रण, बजारको विस्तार तथा नाफामा बृद्दी हुने पक्षलाई सुनिश्चित गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्दा सहजकर्ताले उद्यमको परिमार्जित व्यावसायिक योजना तयार गर्नु पर्नेछ । त्यस्तो व्यावसायिक योजनामा देहायका कुराहरुको सुनिश्चितता हुनु पर्नेछः-

(क) उधमीको आवश्यकता पहिचान,

(ख) आवश्यकता पहिचानका आधारमा कुन प्रकारको तालिम तथा सेवा उपलब्ध गराउनु पर्ने हो सो कुराको सुनिश्चितता ।

१९.**उद्यमशीलता विकास तालिम दिनु पर्नेः-** यस जीतपुरसिमरा उपमहानगरपालिकाले सहजकर्ता मार्फत आफ्नो व्यवसायलाई निरन्तर संचालनमा ल्याइरहेका वा आफ्नो व्यवसायलाई थप व्यवस्थित गरी निरन्तरता दिन चाहने लघु उधमीलई दफा १८ बमोजिम आवश्यकता पहिचानको आधारमा "भैरहेको उधमीको लागि व्यवसाय सुधार तालिम" र "व्यवसायलाई स्तरोन्नति गर्न चाहनेका लागि व्यवसाय विस्तार तथा स्तरोन्नति तालिम" प्रदान गर्नु पर्नेछ ।

२०. **एडभान्स तालिम दिनु पर्नेः-** (१) दफा १८ बमोजिम स्तरोन्नतिको लागि पहिचान गरिएका उद्यम संचालन गर्ने लघु उधमीमध्ये सहजकर्ताले एडभान्स तालिम लिन इच्छुक उधमीको छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एडभान्स तालिमको लागि सहभागीहरुको छनौट गर्दा तालिमको आवश्यकता, प्रकार, अवधि, सहभागीको संख्या, तालिम दिने विषयको विवरण(ट्रेनिंग मोड्युल), श्रोत व्यक्तिको दक्षता वा स्तर, लागत लाभ विश्लेषण, लागत सहभागिता, परिमार्जित व्यावसायिक योजना सहित तालिमको अनुमानित लागत समेत तयार गर्नुपर्नेछ ।

(३) शाखाले तालिमको आवश्यकता, सम्भाव्यता र क्षमता तथा लघु उधमीसँगको अन्तरक्रिया समेतको आधारमा तालिम प्रदान गर्नको लागि उपयुक्त देखिएमा उपयुक्त स्थानमा पुनर्ताजगी तथा एडभान्स तालिम संचालन गर्नु वा गराउनु पर्नेछ ।

(४) स्तरोन्नतिका लागि प्रभावकारी हुने विषयमा स्थानीयस्तरबाट तालिम संचालन हुन नसक्ने देखिएमा कार्यालयको सिफारिसमा अन्य उपयुक्त स्थानमा समेत आधारभुत तथा एडभान्स तालिममा सहभागी गराउन सकिनेछ ।

२१. **उत्पादित वस्तुको गुणस्तर तथा बिक्रीः-**(१) तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्बन्धित प्रशिक्षकको दायित्व हुनेछ ।

(२) तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्रि गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सामान वा वस्तुको बिक्रीबाट प्राप्त रकम तालिम सम्पन्न भएपछि शाखाले कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

(४) शाखाले उपदफा (२) बमोजिम बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरु सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने

व्यवस्था मिलाउनु पर्नेछ । त्यसरी पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्टोर दाखिला हुन आएका सामान तत्काल लिलाम बिक्री गरी प्राप्त रकम कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्ने दायित्व शाखाको हुनेछ ।

(६) उपदफा (५) बमोजिम लिलाम बिक्री हुन नसकेका सामानहरु कार्यालयले सडी गली जाने भएमा प्रचलित कानून बमोजिम धुल्याउनु पर्नेछ ।

**२२. <u>प्रविधि हस्तान्तरण गर्न सकिने</u>:-** (१) लघु उधमीहरुलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम पाविधि हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रविधि हस्तान्तरण गर्दा सहजकर्ताको सिफारिसमा उद्यमको प्रकृति हेरी व्यावसायिक योजना अनुसार कार्यक्रम र बजेटको परिधिभित्र रही शाखाले लघु उधमी, लघु उधमीको समूह वा उधमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिनेछ ।

**२३. <u>प्रविधि हस्तान्तरण सम्बन्धि प्रक्रिया</u>:-** (१) दफा २२ बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिसको आधारमा अनुसूची-१ बमोजिम उधमीसँग सम्झौता गरी प्रविधि उपलब्ध गराइनेछ ।

(२) उधमीलाई उधोगको प्रकृति, आवश्यकता र उधोगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराइनेछ । उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तीमा बीस प्रतिशत रकम उधमी स्वयंले व्यहोर्नु पर्नेछ ।

तर अपांगता भएका उधमीले प्राप्त गर्ने प्रविधिमा उधमीले लागत व्यहोर्नु पर्ने छैन ।

(३) उधमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उधमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेछ ।

(४) प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उधमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) लघु उधमीलई प्रविधि हस्तान्तरण गर्दा शाखाले शर्तनाम गराई बुझाउनुका साथै सोको विवरण अधावधिक गर्नु पर्नेछ ।

(६) लघु उधमीलाई प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमको पूर्व जानकारी शाखाले सम्बन्धित वडा कार्यालय, उद्यम विकास समिति र कार्यालयलाई गराउनु पर्नेछ ।

**२४. <u>प्रविधि हस्तान्तरणका शर्तहरु</u>:-** दफा २३ बमोजिम प्रविधि हस्तान्तरण गर्दा देहाय बमोजिमका शर्तको पालना गर्ने गरी पाविधि हस्तान्तरण गरिनेछ ।

(क) प्राप्त प्रविधिको उचित सदुपयोग गर्नुपर्ने,

(ख) प्रविधि प्राप्त गरेको मितिले पाँच वर्षसम्म अरुलाई हक हस्तान्तरण गर्न वा बिक्रि वितरण गर्न नपाईने,

(ग) प्रविधि हस्तान्तरणको सम्झौता बमोजिम पेशा व्यवसाय परिवर्तन भई सो प्रविधि प्रयोगहीन भएमा वा कुनै कारणले व्यवसाय नगर्ने भएमा हस्तान्तरण भएको प्रविधि कार्यालयमा फिर्ता गर्नु पर्ने,

(घ) प्रविधि हस्तान्तरणको सम्झौता बमोजिम प्रविधिको उपयोग नगर्ने उधमी वा प्राप्त प्रविधिलाई पाँच वर्षभन्दा अगावै अरुलाई हक हस्तान्तरण वा बिक्रि वितरण गरेमा प्रचलित कानून बमोजिम उपलब्ध गराइएको प्रविधि बापतको रकम असुल उपर गर्ने कारबाही गरी त्यस्ता उधमीलाई यस कार्यक्रम अन्तर्गत पुनः प्रविधि उपलबध नगराइने,

(ङ) खण्ड (ग) र (घ) बमोजिम प्रविधिको उपयोग उधमीले नगर्ने परिस्थिति सिर्जना भएमा सो प्रविधि कार्यालयको सम्पति हुने र कार्यालयले निर्णय गरी सो प्रविधि अन्य उधमी समूहलाई हस्तान्तरण गर्न सक्ने,

(च) कुनै उधमीले प्राप्त प्रविधि अनुदानको उपयोग गरी संस्थागत आयमा बृदी गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनीय योगदान पुर्याउन पुनः थप प्रविधि उपलब्ध गराउन सकिने,

(छ) प्रविधिको मर्मत सम्भार तथा संरक्षण लघु उधमी स्वंयले गर्नु पर्ने छ ।

**२५. <u>बजारीकरणको लागि सहयोग गर्नु पर्ने</u>:-** (१) सहजकर्ताले लघु उधमीको उत्पादनलाई बजारीकरण गर्न उधमीलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) सहजकर्ताले लघु उधमीबाट उत्पादित वस्तु वा सेवाको दिगो बजारीकरणको लागि लघु उधमी, लघु उधमी समूह, सहकारी र खरिद गर्ने संस्था, समुदाय वा व्यक्तिसँग देहाय बमोजिमका कार्य गरी सम्पर्क र समन्वय स्थापित गराउनु पर्नेछ ।

(क) औधोगिक तथा बजार मेला प्रदर्शनीमा सहयोग,

(ख) प्रचार प्रसारमा सहयोग,

(ग) सम्बन्धित खरिदकर्तासँग सम्पर्क स्थापना तथा समन्वय,

(घ) सरोकारवालासँग अन्तरक्रिया वा बैठक आयोजना, र

(ङ) बजार प्रवार्द्रनमा सहयोग पुग्ने कार्यमा सहजीकरण ।

**२६. <u>गुणस्तर नियन्त्रण र सुधारमा सहयोग गर्नु पर्ने</u>:-** (१) सहजकर्ताले लघु उधमीलाई उपयुक्त प्रविधि हस्तान्तरण, दक्ष जनशक्ति उपलब्धता, कच्चा पदार्थ प्राप्ति, प्रशोधन, लेबलिंग, प्याकिंगमा सहयोग गरी गुणस्तर नियन्त्रण र सुधारमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोग गर्दा लघु उधमीका उत्पादनलाई गुणस्तर यकिन र प्रमाणित गराई ब्राण्ड नाम तथा ट्रेडमार्क लिनु पर्ने वा उद्यम दर्ता गर्नु पर्ने भए सो कार्यमा समेत आवश्यक सहयोग गर्नु पर्नेछ ।

**२७. <u>वित्तीय सेवामा पहुँच</u>:-** (१) लघु उधमीले आफुले संचालन गरेको लघु उद्यमको स्तरोन्नतिको लागि व्यवसायिक योजनाका आधारमा थप लगानी रकमको यकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्तरोन्नति गर्न चाहने लगानीको लागि कर्जाको आवश्यकता भएमा सम्बन्धित उधमीको अनुरोधमा यस जीतपुरसिमरा उपमहानगरपालिका र सहजकर्ताले स्थानीय स्तरमा संचालित सहकारी, बैंक तथा लघु वित्त संस्थासँग प्रत्क्षय भेटघाट, परामर्श, गोष्ठी मार्फत सम्बन्धित उधमी र वित्तीय संस्था बीच अन्तरक्रिया गराई वित्तीय पहुँचमा सहयोग गर्नु पर्नेछ ।

(३) उद्यम विकास सहजकर्ताले लघु उधमीलाई भविस्यमा आइपर्ने जोखिम न्यूनीकरणका लागि संचालनमा रहेको उद्यमको बीमा गर्न सहजीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रदान गरिने सेवामा सकेसम्म नेपाल सरकारले उपलब्ध गराएको अनुदान वा व्याज अनुदानमा पाइने वित्तीय सेवाका लागि सहजीकरण गर्नु पर्नेछ ।

**२८. <u>उद्यमको दर्ता गर्नु पर्ने</u>:-** यस कार्यविधि बमोजिम लघु उद्यमको स्तरोन्नतिको सुविधा प्राप्त गर्नु पूर्व सम्बन्धित लघु उधमीले प्रचलित कानून बमोजिम व्यक्तिगत उद्यम तथा समूहमा गरिएको उद्यम (साझा सुविधा केन्द्र (उद्यम घर) मा भएको समेत) साझेदारी फर्मको रुपमा सम्बन्धित निकायमा दर्ता गर्नु पर्नेछ ।

## परिच्छेद- ६

## उद्यम विकास समिति तथा अनुगमन तथा मूल्यांकन उपसमिति

२९. **उद्यम विकास समितिको गठन**:- (१) कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन यस जीतपुरसिमरा उपमहानगरपालिकामा देहाय बमोजिमको उद्यम विकास समिति रहनेछः-

(क) कार्यपालिकाको अध्क्षय वा नगर प्रमुख - संयोजक

(ख) संयोजक, सम्बन्धित स्थानीय तहको सभाको आर्थिक तथा योजना सम्बन्धि विषय हेर्ने समिति - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) संयोजकले तोकेको स्थानीय तहको सभामा प्रतिनिधित्व गर्ने कार्यक्रम लागू भएको वडाको महिला सदस्य एक जना - सदस्य

(ङ) स्थानीय तहस्तरमा रहेका लघु उधमी मध्ये संयोजकले तोकेको एक जना महिला उधमी प्रतिनिधि - सदस्य

(च) स्थानीय तहमा भएका वित्तीय संस्था, सहकारी तथा उधोगका प्रतिनधि नगर प्रमुखले तोकेको एक जना - सदस्य

(छ) शाखा प्रमुख - सदस्य सचिव

(२) उद्यम विकास समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र त्यस्तो बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

(३) उद्यम विकास समितिको सदस्य- सचिवले अध्क्षयसँग परामर्श गरी कार्यपालिकाका सदस्य, सम्बन्धित स्थानीय तहको सभाका सदस्य, विशेषज्ञ, विज्ञ, स्थानीय तहमा कार्यरत सङ्घ, संस्थाका प्रतिनिधि वा कार्यालयका प्रतिनिधि वा अन्य पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३०. **उद्यम विकास समितिको काम, कर्तव्य र अधिकार**:- यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उद्यम विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यक्रम तथा लघु उद्यमसँग सम्बन्धित अन्य क्रियाकलापको लागि स्थानीयतह स्तरीय योजना तर्जुमा गराई सम्बन्धित नगर सभामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजनालाई कार्यान्वयन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन गर्नको लागि सम्भावित वडा तथा बस्ती छनौट गर्ने,

(ग) शाखाबाट तयार गरिने कार्यक्रमको प्रगति विवरण बैठकमा छलफल गराउने तथा देखिएका कमीकमजोरी सुधारका लागि निर्देशन दिने,

(घ) कार्यक्रम कार्यन्वयन गर्न उद्यम विकास सहजकर्ताको परिचालन गर्ने,

(ङ) आफ्नो कार्यक्षेत्र भित्र उद्यम विकास र रोजगारी सिर्जनामा काम गर्ने सरकारी, गैर सरकारी, निजीक्षेत्र, नागरिक समाजका संघ संस्थासँग कार्यगत सम्बन्ध स्थापित गरी कार्यक्रम संचालनको अनुकूल वातावारण तयार गर्ने,

(च) यस कार्यक्रम तथा लघु उद्यमसँग सम्बन्धित अन्य क्रियाकलापको लागि स्थानीयस्तरमा भएका कार्यक्रमहरुको सार्वजनिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम आयोजना गरी जवाफदेहीता र पारदर्शिता सुनिश्चित गर्ने,

(छ) शाखाले कार्ययोजना बमोजिमको कार्य गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

(ज) लघु उद्यम प्रबर्द्धनको लागि आवश्यक देखिएमा विभिन्न उपसमिति वा कार्यदल गठन गरी कार्य सम्पादन गर्ने गराउने,

(झ) लघु उधमीका उत्पादनलाई बजार सुनिश्चित गर्न संबन्धित निजी क्षेत्रका संघ संस्थासँग अन्तरक्रिया, छलफल तथा परामर्श गर्ने,

(ञ) लघु उधमीलाई वित्तीय सुविधा उपलब्ध गराउन आफ्नो कार्यक्षेत्र भित्र वा नजीक रहेका वित्तीय संस्थाहरुको पहिचान गरी उधमीसँग समन्वय स्थापित गर्ने,

(ट) स्थनीय श्रोत साधनको अधिकतम उपयोग गर्न उद्यमशीलता विकासका लागि चेतना फैलाउने,

(ठ) उद्यम विकास तथा उद्यमशिलता सम्बन्धी सम्भावना खोजि गरी कार्यक्रम तर्जुमा गर्ने,

(ड) साझा सुविधा केन्द्र (उद्यम घर) को स्वीकृत तथा अनुगमन गर्ने,

(ढ) कार्यक्रमको लागि छुट्याइएको बजेटलाई यस कार्यविधि बमोजिम परिचालन गर्ने ।

**३१. <u>अनुगमन तथा मूल्यांकन उपसमिति</u>:-** (१) यस जीतपुरसिमरा उपमहानगरपालिकामा कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्न उद्यम विकास समितिको मातहत रहने गरी एक अनुगमन उपसमिति रहनेछः-

(क) कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख - संयोजक

(ख) उद्यम विकास समितिले तोकेको कार्यपालिकाको महिला सदस्य एक जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थानीय तहको अधिकृतस्तरको कर्मचारी एक जना - सदस्य

(घ) स्थानीय स्तरमा रहेका लघु उधमी मध्ये संयोजकले तोकेको एक जना प्रतिनिधि - सदस्य

(ङ) शाखा प्रमुखले तोकेको शाखामा कार्यरत कर्मचारी - सदस्य सचिव

(२) अनुगमन उपसमितिले अनुगमन गर्ने क्रममा सम्बन्धित वडाका वडाअध्क्षयलाई आमन्त्रण गर्नु पर्नेछ ।

**३२. <u>अनुगमन तथा मूल्यांकन उपसमितिको काम, कर्तव्य र अधिकार</u>:-** (१) कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने सम्बन्धमा अनुगमन तथा मूल्यांकन उपसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :-

(क) चौमासिक तथा बार्षिक प्रगति अवस्थाको लागि नियमित अनुगमन गर्ने,

(ख) उद्यम विकास सहजकर्ताले सम्झौतामा उल्लेख भए बमोजिम काम गरे नगरेको सम्बन्धमा स्थलगत अनुगमन गरी वास्तविकता पत्ता लगाउने,

(ग) कार्यक्षेत्रमा देखिएका र अनुभव गरिएका राम्रा अभ्यास तथा सुधार गर्नु पर्ने पक्षहरुमा उद्यम विकास समितिमा छलफल गराउने

(घ) स्तरोन्नति र प्रविधि हस्तान्तरणका सम्बन्धमा भैरहेका कार्यको उपलब्धि र प्रगति समिक्षा गर्ने,

(ङ) अनुगमनका क्रममा कार्यसम्पादन सन्तोषजनक भए नभएको जानकारी उद्यम विकास समितिलाई तुरुन्त जानकारी गराउने,

(च) सूचना प्रविधिलाई उपयोग गरी अनुगमनलाई प्रभावकारी र नतिजामुखी बनाउने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उद्यम विकास समितिले स्वीकृत गरेको कार्ययोजना बमोजिम कार्यक्रमको नियमित तथा आवधिक अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

(३) अनुगमन उपमितिको बैठक सम्बन्धी व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३३. <u>तथ्यांक अधावाधिक गर्ने</u>:-** उद्यम विकास सहजकर्ताले यस कार्यविधिमा उल्लेखित क्रियाकलापको प्रगति विवरणलाई अनिवार्य रुपमा जेसीएमआईएसमा अधावाधिक गर्नु पर्नेछ ।

## परिच्छेद- ७

## विविध

३४. **प्रतिनिधित्व गर्न नपाउने**:- कार्यक्रम कार्यान्वयनको लागि व्यवसाय विकास सेवा प्रदायक संस्थाको रुपमा कार्य गर्ने कुनै पनि सङ्घ संस्थाले यस कार्यविधि बमोजिम गठन हुने कुनै पनि समिति वा उपसमितिमा प्रतिनिधित्व गर्न पाउने छैन ।

३५. **प्रमाणपत्र दिन सकिने**:- (१) यस जीतपुरसिमरा उपमहानगरपालिकाले कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन शाखाको सिफारिसमा उद्यम विकास समितिले वार्षिक रुपमा उत्कृष्ट उधमी, उद्यम विकास सहजकर्ता तथा कार्यक्रममा प्रत्क्षय रुपमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरूप प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रमाणपत्रको ढाँचा उद्यम विकास समितिले तोके अनुसार हुनेछ ।

३६. **गुनासो व्यवस्थापन**:- (१) कार्यक्रम सम्बन्धमा कसैको कुनै गुनासो भएमा कार्यालयको उजुरी पेटिका वा विधुतीय माध्यमबाट उद्यम विकास समिति समक्ष पठाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको गुनासोको उचित व्यवस्थापन उद्यम विकास समितिले गर्नु पर्नेछ।

३७. **प्रविधि हस्तान्तरणका लागि थप कार्य गर्न सक्ने**:- यस कार्यक्रमबाट नयाँ लघु उधमी र स्तरोन्नति हुने उधमीलाई प्रविधिमा पहुँच पुर्याउन उद्यम विकास समितिले यस कार्यविधिमा तोकिएका प्रकृया बमोजिम देहायका स्रोत परिचालन गरी प्रविधि हस्तान्तरणको कार्यक्रम थप गर्न सकिनेछ ।

(क) उधमी सिर्जना र स्तरोन्नतिको कार्यक्रम तोकिएको लक्ष्य प्राप्त गरी बाँकी हुन आएको रकम,

(ख) प्रदेशले प्रविधि हस्तान्तरण गर्न चाहेमा त्यस बापत उपलब्ध रकम वा प्रविधि ।

३८. **कार्यक्रम गर्न सक्ने**:- यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस जीतपुरसिमरा उपमहानगरपालिका को योजना तथा कार्यक्रम अन्तर्गतको जुनसुकै शाखाको कार्यक्रम पनि यसै कार्यविधि अनुसार उद्यम विकास शाखा बाट गर्न/गराउन सकिनेछ ।

३९. **बाधा अड्काउ फुकाउन सक्ने**:- यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाको बैठकबाट अनुमोदन हुनेगरी नगर प्रमुख र (उद्यम विकास समितिको) को निर्णय बमोजिम त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

४०. **संशोधन**:- यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची- १

(दफा २३ को उपदफा (१) सँग सम्बन्धित)

## सीप विकास तालिम प्राप्त प्रशिक्षार्थीहरुलाई उपयुक्त प्रविधि कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने मेशिन औजारको शर्तनामा

लिखितम् ........प्रदेश .............जिल्ला ..........गाउँपालिका/नगरपालिका ..........वडा नं.......बस्ने .........को नाति/नातिनी ..........को छोरा/ छोरी/ बुहारी वर्ष............को म .........ले नगर/गाउँपालिकाको कार्यालय .............बाट नियमानुसार पाउने निम्न बमोजिमका मेशिन औजार ढुवानी बाहेक जम्मा खरिद मूल्य रु............(अक्षरुपि .................) मा आफैले उधोग व्यवसाय संचालन गर्ने गरी खरिद गरी लिएको छु । उक्त मेशिन औजार आजका मितिले ५ वर्षसम्म कसैलाई बिक्री वितरण वा भाडामा दिने छैन र दिएको अवस्थामा म माथि नियमानुसार हुने कारवाही सहर्ष स्वीकार्ने सहमतिका साथ मेरो राजी खुशीले यो शर्तनामा गरी दिएँ ।

**मेशिन औजारको विवरणः**

| क्र.सं. | मेशिन औजारको नाम | परिमाण | खरिद मूल्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**बुझाउने पदाधिकारीकोः**

नाम,थर :

पदः

दस्तखतः

**बुझिलिनेकोः**

नाम, थरः

पदः

दस्तखतः

इति संवत् २०........साल .......महिना ......गते रोज .......शुभम् ।


समूहले बुझिलिएको नामः ........................................ सम्बन्धित हस्ताक्षरः ...........

अनुसूची- २

(दफा ८ को उपदफा (१) र दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

## लघु उद्यम विकास (मेड) मोडेल

लघु उद्यम विकास (मेड) मोडेल सम्भाव्य बजार, उधमीहरुको माग र उद्यम विकासको सम्भावनाको आधारमा उद्यम विकास गरिने अवधारणामा आधारित छ । यस मोडेल अनुसार यस जीतपुरसिमरा उपमहानगरपालिकाको कुनै पनि क्षेत्रमा उद्यम विकास गर्नका लागि तीनवटा पक्षहरुको विश्लेषण गरिनु पर्छ, जस अन्तर्गत लक्षित समूहको चाहना, उनीहरुको चाहना बमोजिमको उद्यमको लागि आवश्यक स्रोत स्थानीय स्तरमै उपलब्धता र सम्भावित उद्यमबाट उत्पादन हुने वस्तुको बजारको सम्भाव्यता पर्दछन् ।यस अवधारणामा मुख्य गरी बजार मागको अवस्थालाई विश्लेषण गरी बजारको सुनिश्चितताको आधारमा मात्र उद्यम विकासको लागि थप प्रक्रियाहरु प्रदान गरिन्छ । उद्यम विकासका लागि उधमीहरुको माग, बजार सम्भाव्यता, कच्चा पदार्थमा आधारित रहेर उद्यम विकासको सम्भाव्यता हेरेर मात्र उद्यम विकासको कार्यक्रमहरु शुरु गरिन्छ ।




उधमीहरुको सिर्जना र विकास कसरी गर्ने भन्ने हाल सम्मको सिकाई, अनुभव र सफलतापूर्वक गरिएका प्रयासबाट उधमीलाई एकीकृत सेवा अवधारणा (Intergrated Service Approach) अन्तर्गत सहयोग गरी दिगो उद्यम विकास गर्न सकिन्छ भन्ने प्रमाणित भएको छ ।यस अवधारणा अन्तर्गत विगतको अनुवभबाट भैसकेका प्रक्रियाहरु जस्तैः उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, सीपमुलक तालिम, लघु वित्तमा पहुँच, उपयुक्त प्रविधि, बजारीकरण, व्यावसायिक परामर्श र उद्यमको स्तरोन्नतिका साथै उद्यम विकासका लागि नीतिगत वातावरण निर्माणमा निरन्तर जोड दिनु पर्नेछ ।

लघु उद्यम विकास (मेड) मोडेल तथा उद्यमशीलता विकासका लागि चरणवद्द रुपमा विभिन्न ६ वटा चरणहरु मा व्यवसायिक सेवा प्रदान गर्नु पर्ने हुन्छ । यी चरणहरुमा देहाय बमोजिमका हुनेछन् ।

(१) उद्यम विकासका लागि सामाजिक परिचालन,

(२) उद्यमशीलता विकास तालिम,

(३) प्राविधिक सीप विकास तालिम,

(४) लघु वित्तमा पहुँच,

(५) उपयुक्त प्रविधिमा पहुँच,

(६) बस्तु र सेवा बजारीकरण तथा व्यवसायिक परामर्श ।

उल्लेखित छ वटा चरणहरुमा एकीकृत र क्रमबद्द सेवा प्रवाह गरे पश्चात् उद्यमशीलताको क्षमता विकास गरी सम्भाव्य लघु उधमीहरुलाई उधमीको रुपमा तयार गर्न सकिने मान्यता नै यस लघु उद्यम विकास (मेड) मोडेलको सिदान्त हो । नयाँ सिर्जना भएका उधमीहरुलाई उद्यमको सुरुवात पश्चात् निरन्तर रुपमा अनुगमन गरी त्यसको आधारमा आवश्यक परामर्श तथा अन्य सेवाहरु प्रदान गर्दै उद्यमलाई स्तरोन्नति गरी दिगोपनको अवस्थामा पुर्याउन समेत यस (मेड) मोडेलको विशेषता रहेको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची- ३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**जीतपुरसिमरा उपमहानगरपालिका**

**<u>लघु उद्यम विकास कार्यक्रमका लागि कार्य योजनाको ढाँचा(नमुना)</u>**

**आ.व. ...........**

| **क.सं.** | **क्रियाकलाप** | **लक्ष्य** | **समय (चौमासिक)** | | | **बजेट (रु.)** | **मुख्य जिम्मेवार व्यक्ति** |
|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | | |
| (क) | **नयाँ उधमी सिर्जना** | | | | | | |
| **१** | **उद्यम विकासका लागि सामाजिक परिचालनः** | | | | | | |
| १.१ | पिआरए | | | | | | |
| १.२ | घरघुरी सर्वेक्षण सम्पन्न (फाराम ए र बी) | | | | | | |
| १.३ | सम्भाव्य लघु उधमीका रुपमा सहभागीहरुको छनौट | | | | | | |
| १.४ | भैरहेका उधमीहरु सम्भाव्य उधमीका रुपमा पहिचान भएका (फाराम सी) | | | | | | |
| १.५ | बजार सर्वेक्षण सम्पन्न (फाराम डी) | | | | | | |
| १.६ | उपयुक्त प्रविधि अध्ययन सम्पन्न (फाराम ई) | | | | | | |
| १.७ | श्रोत सम्भाव्यता अध्ययन सम्पन्न (फाराम एफ) | | | | | | |
| १.८ | वातावरण परीक्षण सम्पन्न (फाराम जी) | | | | | | |
| १.९ | लघु उधमी समूहको गठन तथा परिचालन | | | | | | |
| **२.** | **उद्यमशीलता विकास तालिम** | | | | | | |
| २.१ | उद्यमशीलता विकास तालिम संचालन (टोपे, टोसे र लैङ्गिक सचेतना) तालिम | | | | | | |
| २.२ | व्यावसायिक योजना तयार गरिने सङ्ख्या | | | | | | |
| २.३ | उद्यम व्यवसायको छनौट | | | | | | |
| **३.** | **प्राविधिक सीप विकास तालिम** | | | | | | |
| ३.१ | व्यावसायिक योजनाको आधारमा छनौट भएका उद्यमको आधारमा सीप विकास तालिम | | | | | | |
| **४.** | **लघु वित्तमा पहुँच** | | | | | | |
| ४.१ | लघु उधमी र वित्तीय सेवा प्रदायकसँग अन्तरक्रिया | | | | | | |
| ४.२ | लघु कर्जा प्राप्त गर्ने उधमीको सङ्ख्या | | | | | | |
| ४.३ | लघु उद्यमको बिमाको लागि सहजीकरण | | | | | | |
| **५.** | **उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण** | | | | | | |
| ५.१ | उपयुक्त प्रविधि आपूर्ति गर्ने संस्थाहरुको रोस्टर तयारी | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.२ | प्रविधि आपूर्तिकर्तासँग सम्बन्धन विकास | | | | | | |
| ५.३ | उपयुक्त प्रविधि हस्तान्तरण | | | | | | |
| **६.** | **बस्तु वा सेवा बजारीकरण तथा व्यवसाय परामर्श** | | | | | | |
| ६.१ | उधमी र केत्ताहरु बीच अन्तरक्रिया | | | | | | |
| ६.२ | बजार प्रबद्वात्मक क्रियाकलापहरु | | | | | | |
| ६.३ | अन्य बजार विकास सम्बन्धी क्रियाकलापहरु | | | | | | |
| ६.४ | व्यावसायिक परामर्श सेवा | | | | | | |
| **७.** | **साझा सुविधा केन्द्र स्थापना तथा संचालनमा सहजीकरण** | | | | | | |
| ७.१ | सम्भाव्य अधययन गर्ने तथा व्यावसायिक योजना तयार गर्ने | | | | | | |
| ७.२ | सम्झौता सम्पन्न गर्ने | | | | | | |
| ७.३ | साझा सुविधा केन्द्रको निर्माण सम्पन्न | | | | | | |
| **८.** | लघु उधमी सिर्जना सङ्ख्या | | | | | | |
| **(ख)** | **भईरहेको उधमीको स्तरोन्नति** | | | | | | |
| १. | स्तरोन्नति लागि आवश्यकता पहिचान गर्ने | | | | | | |
| २. | आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी तथा स्तरोन्नति तालिम | | | | | | |
| ३. | प्रविधि हस्तान्तरण तथा प्रविधि पहुँचका लागि सहजीकरण | | | | | | |
| ४. | बजारीकरणमा सहयोग | | | | | | |
| ५. | व्यावसायिक परामर्श | | | | | | |
| ६. | कुल स्तरोन्नतिबाट थप रोजगारी हुने सङ्ख्या | | | | | | |
| **(ग)** | **कुल रोजगारी सिर्जना हुने सङ्ख्या** | | | | | | |
| १. | नयाँ उधमीबाट रोजगारी सिर्जना हुने सङ्ख्या | | | | | | |
| २. | स्तरोन्नतिबाट थप रोजगारी हुने सङ्ख्या | | | | | | |
| **(घ)** | **गरिबीको रेखाबाट माथि आउने लघु उधमीको सङ्ख्या** | | | | | | |

**नोटः** कार्यक्रम संचालन नतिजामूखी भएकाले माथि उल्लेखित प्रक्रियाहरुबाट वर्षको अन्तमा तोकिएको लक्ष्यमा उधमी सिर्जना भएको हुनु पर्नेछ ।

| **तयार गर्ने** | **सिफारिस गर्ने** | **स्वीकृत गर्ने** |
|---|---|---|
| उद्यम विकास शाखा | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष, उद्यम विकास समिति |

आज्ञाले
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत